जि.प्र.का.का.द.नं. ७५/२०८०/०६/१६

# सत्य र न्यायको खोजी अभियान
# A Quest for Truth and Justice

केन्द्रीय कार्यालय (Central Office)
नयाँ बानेश्वर, काठमाडौं, नेपाल ( New Baneshwor, Kathmandu, Nepal)
Contact: 9849451155, 9851070200, 9851060777, ~~9841496111~~
E-mail: lawman750@gmail.com, ~~[illegible]@gmail.com~~

Letter No. २०८१/२०८२
Dispatch No. ९८/०८२

सम्माननीय सभामुख ज्यु, प्रतिनिधि सभा,

संघीय संसदको कार्यालय, सिंहदरवार, काठमाण्डौ

सम्माननीय सभामुखको निजी सचिवालय
दर्ता नं: ९८
मिति: २०८२/०२/२२ समय: ०४:४५

विषयः न्यायिक निष्ठा र आचरण विपरितका कामहरु गर्ने र कानूनी दायित्वको पालना नगर्ने सम्माननीय प्रधान न्यायाधीश र अन्य न्यायाधीशहरुलाइ धारा १०१(१)(२)(५)अनुसार महा अभियोगको कारवाही गराउन प्रतिनिधी सभा (संघीय संसद) का सांसदहरुलाई जानकारी गराई निर्देशन समेत जारी गरी संवैधानिक व्यवस्थाको सम्मान, संरक्षण र अनुपालन गराइ पाऊं।

सभामुख ज्यु,

म निवेदक वरिष्ठ अधिवक्ताको हैशियतमा कानून व्यवशायमा संलग्न नेपाली नागरिक हुं। देशको राजनीतिक क्षेत्र, सरकारको नीतिगत तह, राज्य संयन्त्र र विशेष गरी न्यायपालिकामा व्याप्त भ्रष्टाचारका विरुद्ध प्रमाणिक रुपमा कानूनी मुद्दाहरुको उठान गरी जन साधारणलाई सुसूचित गराउने र पदीय हैशियतको दुरुपयोग गर्ने जो कोहिलाई पनि जवाफदेयिता वहन गराइ देशमा सुशासनका लागी टेवा पुर्याउने उद्देश्य समेतले संस्थापित " सत्य र न्यायको खोजी अभियान " नामक संस्थाको अध्यक्ष समेत भएको नाताले निम्न विषयमा निम्न वमोजिम गरि पाउन यो सार्वजनिक सरोकारको विषय संवन्धी उजुरी निवेदन गरेको छुः

१. महाअभियोग सम्वन्धी संवैधानिक र कानूनी व्यवस्थाः

संविधानको धारा १०१(१)(२)(३)(४)(५)(६)(७)(८)(९)(१०) र महा अभियोग (कार्यविधि नियमित गर्ने ) ऐन, २०५९ को दफा ३, ४, ७, ११, १४ र १५ मा महा अभियोग सम्वन्धी व्यवस्था गरिएको छ।

धारा १०१ को उपधारा (१) मा - यो संविधान र कानूनको गम्भीर उल्लंघन गरेको आधारमा प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यले राष्ट्रपति वा उप राष्ट्रपति विरुद्ध महा अभियोगको प्रस्ताव पेश गर्न सक्नेछन् । त्यस्तो प्रस्ताव संघीय संसदको दुवै सदनको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुई तिहाइ वहुमतवाट पारित भएमा निज पदवाट मुक्त हुने छ ।

Scanned with CamScanner

धारा १०१ को उपधारा (२) को व्यवस्था- यो संविधान र कानूनको गम्भीर उल्लंघन गरेको, कार्य क्षमताको अभाव वा खराव आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा आचार संहिताको गम्भीर उल्लंघन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पुरा गर्न नसकेको आधारमा प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यले नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीका विरुद्ध महा अभियोगको प्रस्ताव पेश गर्न सक्नेछन्। त्यस्तो प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुईतिहाइ वहुमतवाट पारित भएमा सम्वन्धित व्यक्ति पदवाट मुक्त हुनेछ ।

धारा १०१ को उपधारा (३) को व्यवस्था - उपधारा (२) वमोजिमको कुनै व्यक्तिको विरुद्ध महा अभियोगको प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए नभएको छानवीन गरी सिफारिस गर्ने प्रयोजनको लागि प्रतिनिधि सभामा एक महा अभियोग सिफारिस समिति रहने छ ।

धारा १०१ को उपधारा (४) को व्यवस्था- उपधारा (३) वमोजिमको समितिमा प्रतिनिधि सभाका एघार जना सदस्य रहनेछन्।

धारा १०१ को उपधारा (५) को व्यवस्था- उपधारा (२) वमोजिम महा अभियोगवाट पद मुक्त हुने व्यक्तिले संविधानको गम्भीर उल्लंघन गरेको वा कार्य क्षमताको अभाव वा खराव आचरण वा पदीय दायित्वको पालन इमान्दारी पूर्वक नगरेको वा आचार संहिताको गम्भीर उल्लंघन गरेको भन्ने आधारमा प्राप्त सूचना, जानकारी वा उजुरी ग्राह्य रहेको भनी प्रतिनिधि सभाको कम्तिमा तीन जना सदस्यले प्रमाणित गरी पेश गरेमा उपधारा (३) वमोजिमको समितिले त्यस्तो उजुरीमाथि संघीय कानून वमोजीम छानविन गरी महा अभियोग सम्वन्धी कारवाहीका लागि प्रतिनिधि सभा समक्ष सिफारिस गरेमा उपधारा (२) वमोजिम महा अभियोगको प्रस्ताव पेश हुन सक्ने छ ।

धारा १०१ को उपधारा (६) को व्यवस्था - उपधारा (२) वमोजिम महा अभियोगको कारवाही प्रारम्भ भएपछि नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीले त्यस्तो कारवाहीको टुंगो नलागेसम्म आफ्नो पदको कार्य सम्पादन गर्न पाउने छैन ।

धारा १०१ को उपधारा (७) को व्यवस्था - उपधारा (१) वा (२) वमोजिम महा अभियोगको आरोप लागेको व्यक्तिलाई सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

धारा १०१ को उपधारा (८) को व्यवस्था - यस धारा वमोजिम महा अभियोगको प्रस्ताव पारित भई पद मुक्त भएका राष्ट्रपति वा उपराष्ट्रपति, नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषदका सदस्य , संवैधानिक निकायका प्रमुख वा पदाधिकारीले पदमा रहंदा कुनै कसुर गरेको भए त्यस्तो कसुरमा संघीय कानून वमोजिम कारवाही गर्न वाधा पर्ने छैन ।

Scanned with CamScanner

धारा १०१ को उपधारा (९) को व्यवस्था - उपधारा (१) वा (२) वमोजिम महा अभियोगको प्रस्ताव पारित भई पद मुक्त भएका व्यक्तिले त्यस्तो पदवाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनैपनि सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुन सक्ने छैन ।

धारा १०१ को उपधारा (१०) को व्यवस्था - महाअभियोग सम्वन्धी अन्य व्यवस्था संघीय कानून वमोजिम हुनेछ।

संविधानको धारा १०१ को प्रावधानहरु प्रभावकारी रुपमा लागु गर्न महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन २०५९ समेत लागु भै सकेको छ र उल्लिखित संवैधानिक व्यवस्थाहरुलाई नै कार्यरुप दिने व्यवस्थाहरु महा अभियोग (कार्यविधि नियमित गर्ने) ऐनले गरेको हुंदा विवेचना गरिएको छैन ।

२. महा अभियोगका कारक गतिविधी र आधारहरु :

क. पूर्व प्रधान न्यायाधीश चोलेन्द्र शंशेर ज. व. रा ले आफु उपर लागेको महा अभियोग प्रस्तावका विरुद्ध संसदीय समितिमा तत्कालिन मा. न्यायाधीश (वर्तमान सं. प्रधान न्यायाधीश) प्रकाशमान सिंह राउतका आचरण र कार्यक्षमताका विषयमा दिएको वयान, जुन संसद सचिवालयको वौद्धिक संपत्तिका रुपमा सचिवालयमा सुरक्षित छ।

ख. कान्तिपुर कन्क्लेभमा सं. प्रधान न्यायाधीशको सहभागिता र संबोधन ।

ग. मिति २०८१ चैत्र २ गते सर्वोच्च वार एशोसिएशनले होलिडे इन रिसोर्टमा आयोजन गरेको अन्तरकृया कार्यक्रममा सं. प्रधान न्यायाधीशको सहभागिता र संवोधन ।

घ. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्टिंग अपरेसन अन्तरगतका मुद्दाहरु प्रभावित पारीए सम्वन्धी डार्क फाइलको समाचार संप्रेषण विषयमा परेको सर्वोच्च अदालतको अवहेलना मुद्दामा सर्वोच्चकै आदेशानुसार परिक्षण गर्न भनिएका प्रमाणहरु परिक्षण हुन नसकेको नेपाल प्रहरी प्रधान कार्यालय,केन्द्रीय अनुसन्धान व्यूरोको प्रतिवेदनले नै प्रमाणिक रुपमा वोलेको अवस्थामा प्रमाणको मुल्यांकन, विवेचना नै नगरी सिधा कुरा डट कम र डार्क फाइलका संचारकर्मीहरुले अदालतको अवहेलना गरेको भन्ने नौ जना न्यामूर्तिहरुको वृहत पूर्ण इजलासवाट मिति २०८१।०६।१३ मा भएको आदेशको विषय।

ङ. सम्माननीय प्रधान न्यायाधीशको नियुक्ति सिफारिस र नियुक्ति समेत अवैधानिक भए सम्वन्धमा सत्य र न्यायको खोजी अभियानका तर्फवाट दायर भएको रिट निवेदनमा रजिष्ट्रारवाट दरपीठ हुंदा न्यायपालिकाको प्रमुखका रुपमा मौनता साधिएको विषय।

च. आफु कानून व्यवसायी छंदा नेपाल रेड क्रस सोसाइटीलाइ कानूनी सहायता प्रदान गर्नु भएका सं. प्रधान न्यायाधीश प्रकाशमान सिंह राउतले नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्य समितिको तर्फवाट अध्यक्षको हैशियतमा संजिव थापाले सर्वोच्च अदालतमा दायर गरेको उत्प्रेषणको रिट निवेदन आफ्नो इजलासवाट हेर्न नहुनेमा हेरी रेडक्रसकै पक्षमा अन्तरिम आदेश समेत जारी गरी न्यायिक निष्ठाको उलंघन गरेको विषय।

३. महा अभियोगका कारक गतिविधी र आधारहरुको विस्तृत विवरण:

Scanned with CamScanner

(क) वुंदा नं २ क को विवरण-

आफु माथी लागेको महा अभियोगको आरोपमा संसदीय सुनुवाई समितिमा वयान दिन पुगेका तत्कालिन प्रधान न्यायाधीश चोलेन्द्र संशेर ज. व.रा. ले सर्वोच्च अदालतका तत्कालिन मा. न्या. प्रकाशमान सिंह राउत (हालका.सं प्रधान न्यायाधीश) लाई चरित्र सम्वन्धी तिन भिन्न भिन्न आरोप लगाएका छन्। ति भिन्न भिन्न आरोपहरुमा - (१) सुनुवाईमा रहेको मुद्दा नछिनी हेर्दा हेर्दैमा राखे र मुद्दाको पक्षलाई डिल्ली वजार स्थीत पेन्सन वासना होटलमा वोलाएर मुद्दाको वार्गेनिंग गर्ने, (२) हरेक सांझ भट्टिमा गएर जाड रक्सी खाएर हिडन नसक्ने अवस्थामा पि. एस. ओ. र ड्राभरले उचालेर मोटरमा हाल्नु पर्ने, (३) आफ्नै श्रीमतिलाई महिला हिंसामा पारेर संवन्ध विच्छेद गर्न वाध्य तुल्याउने ।

उल्लिखित आरोपहरु सर्वोच्चकै तत्काल वहालमा रहेका प्रधान न्यायाधीशले आफुमाथिको महा-अभियोगको प्रस्ताव पेश भएपछी प्रतिनिधि सभाको सुनुवाई समिति समक्ष वयान दिंदा संघीय संसद सचिवालयको वौद्धिक सम्पत्तिको रुपमा अभिलिखित गराइएको प्रमाण हो । प्रमाणको रुपमा रहेको यो वयान ऐतिहासिक पनि यस अर्थमा छ की वयान दिने प्रधान न्यायाधीश विरुद्धको महा अभियोग प्रस्ताव पनि पारीत गरिएन र निज आरोपी प्रधान न्यायाधीशले पदवाट अवकास नलिंदै तत्कालका अर्का मा. न्या हरि कृष्ण कार्कीलाई का.मु. प्रधान न्यायाधीशको पदमा नियुक्ति गरेर पहिलो पटक नेपालको न्यायिंक इतिहांसमा सर्वोच्च अदालतमा दुइजना प्रधान न्यायाधीश वाहाल कायम राखियो ।

संघीय संसदको सचिवालयमा वयानको क्रममा तत्कालिन प्रधान न्यायाधीशले तत्कालिन मा. न्या. प्रकाशमान सिंह राउत (अहिलेका वहालवाला प्रधान न्यायाधीश) लाई लगाउनु भएको हो। संघीय संसदको सचिवालयमा तत्काल वहालवाला प्रधान न्यायाधीशले विवरण सहित लगाएको यो सरकारी दस्तावेजमा सामेल गरिएको आरोपको खण्डन वा विरोध तत्कालिन मा.न्या. का रुपमा रहनु भएका हालका सं. प्रधान न्यायाधीशवाट हुन नसकेवाट, लगाइएको आरोप प्रमाण ऐन २०३१ को दफा ३ अनुसार आरोपका सम्वन्धमा प्रमाण सम्वद्ध कुराहरु हुन् र दफा ७(ग) को अदालतले आरोप संवद्ध अन्य कुराहरुलाई अनुमान गर्न सक्ने भनि गरिएको व्यवस्थालाई महा अभियोगको कारवाही गर्ने सम्वद्ध निकाय वा अधिंकारीले समेत स्थान दिनु पर्ने देखिन्छ ।

(ख) वुंदा नं २ (ख) को विवरण-

नागरिकता किर्ते मुद्दा खेपिरहेका कान्तिपुर प्रा.लि.का अध्यक्ष कैलाश प्रदान सिरोहियाले आयोजन गरेको कार्यक्रम कान्तिपुर कनक्लेभमा सं प्रधान न्यायाधीश प्रकाशमान सिंह राउत सहभागि मात्र हुनु पनि घोर आपत्तिजनक विषय हो । कार्यक्रममा सहभागि हुनु र संवोधन गर्दा सम्माननीयज्युले "आफु नविक्ने" "मलाई कसैले किन्न सक्दैन" भन्ने जस्ता विश्वासै गर्न नसकिने शव्दहरु प्रयोग गरेर देशको प्रधान न्यायाधीशले के वोल्न हुने वा नहुने भन्ने समेत कुराको हेक्का नै नराखी पदीय मर्यादामा आंच पुर्याइएको मात्र नभएर आफु वाहेकका अन्य पूर्व प्रधान न्यायाधीशहरु, पूर्व मा. न्यायाधीशहरु र वहालवाला मा. न्यायाधीशहरु प्रति समेत व्यंग वांण प्रहार गरिएको तथा अन्य न्यायाधीश र प्रधान न्यायाधीशहरु समेत विकाउमा रहेको हुन सक्ने भन्ने घुमाउरो आरोपको अर्थ निसृत गराइएको छ। यो अभिव्यक्तिले सम्मानित न्यायालय प्रति आस्था राख्ने जनताहरुमा भ्रम फैलिईरहेको र न्यायलयको धरोहरको रुपमा रहेको जुन आस्थामा गिरावट आउन सक्ने पिरस्थिती सृजना गराएको छ ।

Scanned with CamScanner

(ग) वुंदा नं २( ग) को विवरण:

सर्वोच्च वार इकाइले मिति २०८१/१२/०२ गते वुढानिलकण्ठस्थित होलिडे इन रिसोर्टमा आयोजित " वैक तथा वित्तिय संस्थाको ऋण असुली र अदालती दृष्टिकोण " शिर्षकको अन्तर्कृया कार्यक्रममा सं. प्रधान न्यायाधीश लगायत अन्य मा. न्यायाधीशहरु समेतको सहभागिताले न्यायाधीश आचार संहिता २०६५ को उलंघन भई न्यायालयप्रतिको जनआस्था खस्काइएको छ। आयोजित कार्यक्रमको शिर्षकनै आपत्तिजनक किन थियो भने, न्यायालय भित्रका कुनै पनि तहका अदालतहरुमा मुद्दाको पक्षका रुपमा रहने वैंक वित्तिय संस्था जस्को ऋण असुली कारवाहिमा नागरिकहरु परेका हुन्छन्, तिनिहरुकै ऋण असुलीमा अदालती दृष्टिकोणका वारे हुने अन्तर्कृयामा न्यायाधीशलाई नै सहभागि गराएर भै सकेको फैसला आदेशका विषयमा पनि किन त्यसो गरियो भनिन खोजिएको हो वा टुंगोमा नपुगेको मुद्दाहरुमा यसो त्यसो गर्नु पर्यो भन्न खोजिएको हो ? यि दुवै अवस्थाका वारे न्यायाधीशहरुले आफ्नो विचार दिने अन्तर्कृयामा सहभागि हुन न्यायिक आचार संहिताले अनुमति दिंदैन/हुंदैन । न्यायाधीशहरुले दृष्टिकोण दिने मुद्दाको आदेश र फैसलामा हो, आयोजन गरिएको जस्तो कार्यक्रममा होइन । न्यायाधीशको आदेश फैसलामा कानून मिचिएको वा त्रुटी गरिएको छ भने त्यसलाई सच्याउने वा कारवाही गरिने छुट्टै कानूनी व्यवस्था र प्रकृयाहरु छन्।

आयोजित कार्यक्रममा न्यायाधीशहरुको दृष्टिकोण लिन खोजिएको नभएर वकिलहरुको छलफलमा मात्र न्यायाधीशहरुलाई निम्त्याइको हो भन्ने अर्थ लगाइने हो भने पनी त्यो संस्थागत चाकरी हुन्छ, त्यस्तो चाकरी खास वकिलहरुले पनि गर्न हुंदैन, कानून व्यवसायीको आचार संहिताले रोक्छ र न्यायाधीशलाई सहभागि मात्र भएर मदिरायुक्त भोज पार्टि (Cocktail Dinner Party) मा मात्र निम्त्याइएको थियो भने पनि न्यायाधीशहरुलाई त्यस्तो कार्यक्रममा सहभागि हुन न्यायाधीशको आचार संहिताले रोक लगाउंदछ । यस्तो कार्यक्रममा सं. प्रधान न्यायाधीश लगायत अन्य मा. न्यायाधीशहरुको समेत सहभागितालाई एकिनं गरीनु पर्ने अवस्था विद्यमान छ ।

सर्वोच्च वारले आयोजन गरेको उक्त कार्यक्रममा न्यायाधीशहरुको सहभागिता असहज, असामान्य र घोर आपत्तिजनक माथि उल्लेखित कारणहरु वाहेक पनि यसर्थमा छ की, उक्त कार्यक्रमका लागि वैंकहरुवाटै २,००,०००/३,००,००० का दरले चन्दा उठाइएको छ। चन्दा उठाइएको होइन, प्रायोजन गर्न लगाइएको हो भन्ने अर्थ लगाइने हो भने पनि मुद्दाका पक्षकारहरुका रुपमा रहने वित्तिय संस्थाहरुले रकम उठाएर प्रायाजोन गरेको कार्यक्रममा सहभागि भएर मदिरायुक्त भोज पार्टीमा सरिक हुन न्यायाधीशहरुलाई कुनै पनि नैतिकताले दिंदैन, जुन कार्य सिधै न्यायाधीश आचार संहिता विपरीत छ।

आयोजित कार्यक्रमलाई संवोधन गर्दा सं प्रधान न्यायाधीश ज्यू वाट आफु "कालान्तरमा स्वतन्त्र र निर्भिक भएर विचार सम्प्रेषण गर्ने दिन आउंदा सशक्त रुपमा आफ्नो विचार राख्ने नै छु, आज मलाई मेरो न्यायिक मर्यादाले खुम्च्याएको छ" भन्ने अभिव्यक्ति दिइएको छ। उल्लिखित कार्यक्रममा सहभागि हुनु नै संम्माननीयज्युको अभिव्यक्ति विपरीतको काम भएको स्पष्ट छ, जुन अभिव्यक्ति दिइए पूर्वको कान्तिपुर कन्क्लेभमा सहभागि हुंदाको संवोधन भाषण संग पनि यसलाई जोडेर हेरिनु पर्दछ र न्यायाधीशको आचरणलाई मापन गर्ने न्यायाधीश आचार संहिता, २०६५ ले गरेका समग्र व्यवस्थाहरुको

Scanned with CamScanner

विवेचना गरिनु पर्दछ। यसो गर्दा पनि सम्वद्ध निकाय वा अधिकारीले आचरणगत विवादलाई ठम्याउन अन्य प्रमाण आधारहरुको आवश्यकता महसुस गर्छ भने मदिरायुक्त भोज पार्टीको भिडिओ फुटेज आयोजक वारवाट पेश गर्न लगाई हेरियो भने न्यायाधीशको आचार संहिताको पालना भएको छ वा छैन, यसलाई प्रयोगमा ल्याउनु पर्ने हो वा होइन भन्ने कुराको निर्णयमा पुग्नुपर्ने विकल्परहित अवस्था टड्कारो रुपमा देखिने छ।

बैङ्कहरुवाट रकम उठाएर बैङ्कहरुकै कर्जा असुलीमा न्यायालयको दृष्टिकोण शिर्षकमा सर्वोच्च वार इकाईवाट आयोजित कार्यक्रमले संस्थागत चाकरीलाई प्रश्रय दिने र वारका पदाधिकारीहरु वार जस्तो पेशागत संगठन प्रति उनुत्तरदायी बनी संगठनलाई नै धोखा दिने र न्यायाधीश पदमा नियुक्त हुने दौड चल्ने जस्ता अभ्यासहरु निरुत्साहित गर्न कार्यक्रम आयोजनका लगत्तै पछिल्ला दिनहरुमा चेतनामुलक टिप्पणी र आलेखहरु सत्य र न्यायको खोजी अभियानका तर्फवाट सामाजिक संजालमा लेखिंदा लेखिंदै र वोलिंदा वोलिंदैको अवस्थामा लेखिए अनुसारको कार्यक्रमको आयोजन गर्ने सर्वोच्च वार इकाईको अध्यक्ष नै सर्वोच्च अदालतको न्यायाधीश पदमा न्याय परिषदवाट सिफारिस गरिएवाट न्यायपरिषदका सवै सदस्यहरु कानूनको धर्म र न्यायिक निष्ठावाट च्युत भएको र यसको अध्यक्षको हैशियतमा सं. प्रधान न्यायाधीश नै वढी जिम्मेवार हुने भए अनुसार यो लाज लाग्दो गैर जिम्मेवार पूर्ण सिफारिस कारवाही समेतलाई संविधानको धारा १३६ ले निर्दिष्ट गरेको जिम्मेवारीलाई थप गरी सं. प्रधान न्यायाधीशलाई महा अभियोग लगाउने आधार प्रमाणका रुपमा लिइनु पर्ने अवस्था छ ।

(घ) वुंदा नं २(घ) को विवरणः

सिधा कुरा डट. कम. नामक युटुव लगायतका सामाजिक संजालवाट मिति २०८१/०१/१४ गते र तत्पश्चात श्रृंखलावद्ध रुपमा अपलोड गरी प्रसारित ४०० वढी भ्रष्टाचारका मुद्दा डिसमिस गराउने सर्वोच्च अदालतका न्यायाधीश सहभागी वैठकको स्टिंग अपरेसन समेतको शिर्षक राखी कपोलकल्पित, भ्रामक, तथा नियोजित ढंगले समाचार प्रकाशन गरी न्याय संपादनको कार्यमा अवरोध सृजना गरी अदालतको अवहेलना गरेकोले उक्त कार्यमा संलग्न सवैलाई हदै सम्म सजाय गरी पाऊं भन्ने समेत व्यहोरामा प्रतिवेदन उठी चलेको अवहेलना मुद्दामा प्रतिवादी मध्येका राज कुमार तिमिल्सिना समेतले स्टिंग अपरेसन अन्तर्गतका मुद्दाहरु डिसमिस गराउन न्यायाधीश वकिलहरुकै वैठक भए सम्वन्धी अदालतमा " पेश भएको श्रव्य दृष्यमा उठाइएको विषय वस्तुको सत्य तथ्य तथा प्राविधिक पक्षको समेत विस्तृत अनुसन्धान हुनुपर्ने देखिंदा सो सम्वन्धमा आवश्यक अनुसन्धान गरी " भन्ने समेतको सुरु मिति २०८१/०१/१७ को संयुक्त इजलासको आदेस अनुसार नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान व्युरोवाट पेस भएको प्रतिवेदन विवाद टुंगो लगाउन मुल्यंकन गरिनु पर्ने प्रमाणहरु मध्यको महत्वपूर्ण प्रमाण हो । तत्कालिन प्रधान न्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठ समेतको नौ (९) जनाको वृहत इजलासले प्रत्यर्थीहरु राजकुमार तिमिल्सिना, युवराज कंडेल र नविन ढुंगानाले अदालतको अवहेलना गरेको ठहर गरी, मिति २०८१ असोज १३ मा २५ पृष्ठको संक्षिप्त आदेश जारी गरेको छ ।

अदालतको फैसला आदेश कार्यान्वयन हुनु गरिनु पर्ने कुरा निर्विवाद नै हो, त्यस विषयमा केही वोलिरहनु र लेखिरहनु पनि परेन/ हुंदैन तर अदालतको अवहेलना जस्तो अति नै संवेदनसिल मुद्दा ठहर गरिनु

Scanned with CamScanner

पूर्व मिति २०७७/१२/३० मा अन्नपूर्ण पोष्टको प्रधान कार्यालयमा रामेश्वर थापाको वैठक कक्षमा भएको भनिएको गोप्य वैठकको अडिओ रेकर्ड नक्कलि हुन सक्ने वारे सम्मानित सर्वोच्च अदालतवाट राज कुमार तिमिल्सिनालाई वयानको क्रममा प्रश्न ३५ मा सोधिएका कुराहरुमा अडियो रेकर्ड सक्कली हो भनि राज कुमार तिमिल्सिनाले दिएको विवरणयुक्त जवाफ र अडीओमा रहेको गोप्य भनिएको वैठकमा अधिवक्ता किशोर विष्ट, अख्तियारका प्रतिनिधि, पत्रकार सुरेन्द्र काफ्ले, वरिष्ठ अधिवक्ता हरि उप्रेती लगायत ८ जनाको उपस्थिति सुनिन्छ तर चिया ६ कप मात्र मगाएको सुनिन्छ , यसको वारेमा तपाइको के भनाई छ भनि प्रश्न नं.३६ मा सोधिएकोमा वैठकमा सहभागी मध्ये कसैले चिया नखांन पनि सक्छन भनिएको र प्रश्न १५ मा अडिओ मैले तिनकुने स्थित अन्नपूर्ण टावरमा गरेको हुं भनि राज कुमार तिमिल्सिनाले दिएको जवाफहरूलाई प्रमाणको रुपमा ग्रहण गर्न वा नगर्न सहायक हुने, सम्मानित अदालतवाटै पेश गर्न लगाइएको अडिओ र वैठकमा सहभागि भएकाहरु मध्ये कैलाश प्रसाद सिरोहियाको आवाज र सुरेन्द्र काफ्लेको आवाज र अडिओ क्लिपका वारेमा समेत प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्युरोले दिएको प्रतिवेदन लाई अदालतको अवहेलनाको प्रमाणिक आधार वनाईदा भ्रष्टाचार जस्तो गम्भिर प्रकृतिका ४०० भन्दा वढी मुद्दाहरुलाई प्रभावित पार्ने गरी भएको भनिएको वैठक सम्वन्धी समाचार सम्प्रेषणका कारण चलाउनु परेको मुद्दामा के कस्तो तरिकाले प्रमाणको मुल्यांकन गरियो भन्ने कुरा प्राथमिकताका साथ हेरिनु पर्नेमा सम्मानित सर्वोच्च अदालतको नौ (९) जना न्यायाधीश सम्मिलित वृहत इजलासले- "प्रहरीवाट भएको छानविनको क्रममा प्राप्त हुन आएको अडिओ फाइलको प्राविधिक परिक्षण, उक्त अडिओमा आवाज रहेको तथा अडिओ क्लिप रेकर्ड गर्दा उपस्थित रहेको भनि खुल्न आएका व्यक्तिहरुको घटना विवरण कागज र मोवाइलको प्राविधिक परिक्षण समेतका आधारमा सो वेहोरा पुष्टि भएको नदेखिएको भन्ने प्रहरी नायव महानिरिक्षक नविन्द अर्याल समेतको अनुसन्धान प्रतिवेदन रहेको देखिन्छ" भन्ने कुरालाई आधार वनाउंदा सोही प्रतिवेदनको परिच्छेद ४, दफा ४.४ र ४.५, पृष्ठ १४ मा क्रमशः कैलाश प्रसाद सिरोहियाको र सुरेन्द्र काफ्लेको आवाज VSA प्रविधिवाट परिक्षण गर्न नसकिने भन्दै परिक्षणको लागि प्राप्त हुन आएका पेन ड्राइभहरु थान २ मा भएका MP3 Audio File हरु रेकर्ड गर्न प्रयोग गरिएको original उपकरणहरु प्राप्त भएपश्चातमात्र कुन समयमा रेकर्ड गरिएको हो एकिन गर्न सकिने भनि प्राप्त अडिओ फाइलहरु Edit भए नभएको एकिन भै नसकेको कुरा प्रतिवेदनको परिच्छेद-४, पृष्ठ १२ को प्रश्न नं. १,२ र ३ सम्वन्धमा लेखिएको प्रतिवेदनको अंश समेतले अदालत समक्ष पेश भएको प्रतिवेदनले नै अदालतकै आदेशानुसार श्रव्य दृश्यमा उठाइएको विषय वस्तुको सत्य तथ्य तथा प्राविधिक पक्षको समेत विस्तृत अनुसन्धान भै नसकेको कुरा प्रमाणिक र अकाट्य रुपमा स्थापित गरि नै रहेको अवस्थामा त्यता तर्फ सम्मानित सर्वोच्च अदालतको वृहत इजलासको ध्यानाकर्षण नभएको विषय अति नै गम्भिर र आपत्तिजनक हुनुका साथै यसले न्यायको मर्म माथि नै प्रहार गरेको हुंदा महा अभियोगको विषय वनेको अवस्था छ।

वृहत इजलासले पूर्व आदेशको अनुसरण नगरी आफै पक्ष आफै न्यायकर्ता वन्नु परेको प्रस्तुत अवहेलनाको मुद्दामा पेश भएको प्रतिवेदनले अनुसन्धान नगरेको वा गर्न नसकेको तर अदालतले नै खोजी गरेको विषयलाई पुष्ट्याई गर्न मुद्दाको प्रकृति र प्रतिवेदनको अपर्याप्त अनुसन्धानको विषयमा सामान्य ढंगले यी दुइ कुराहरु गर्न सक्यो मात्र होइन गर्न पर्यो- (१) प्रतिवेदनको परिच्छेद-४, पृष्ठ.१५ को प्रश्न नं. ४ सम्वन्धमा भनि लेखिएको विवरणमा "उल्लिखित क्लिप Edit भएको छ वा छैन ? Edit भएको छ

CS Scanned with CamScanner

भने के कुन मिति र समयमा, के कुन प्रविधिको प्रयोग गरी Edit भएको छ भन्ने कुरा परिक्षण गर्न Forensic tool उपलव्ध नभएको कुरा स्पष्ट रुपमा लेखिंदा लेखिंदै सो को परिक्षण गर्ने Forensic tool को व्यवस्था गरेर आदेशानुसारको काम सम्पन्न गर्न किन भनिएन? यदी त्यस्तो उपकरणको व्यवस्था नेपालमै हुन नसक्ने अवस्था रहेछ भने वाह्य मुलुकहरुमा किन अदालतकै नियन्त्रणमा रहेका पेन ड्राइभ लगायतका सामानहरु कैलाश प्रसाद सिरोहिया र सुरेन्द्र काफ्लेको स्वर परिक्षण समेत गर्नका लागि पठाउने काम भएन, गरिएन ? (२) अन्नपूर्ण पोष्टको प्रधान कार्यालयमा वसेको भनिएको वैठकका विषयमा अदालतकै आदेश अनुसार संकलित र नियन्त्रित प्रमाणहरुको अनुसन्धान विक्षेषण हुन नसकिरहेको अवस्थामा वानेश्वर तिनकुने हुंदै अन्तर्राष्ट्रिय विमानस्थल जाने मूल सडक मार्गमै जोडिएको अन्नपूर्ण भवन भित्र समेत आवत जावत लगायतका गतिविधिहरुको निगरानि हुन सक्ने गरी सि.सि.टि.भि. लगाइएको हुन सक्ने र लगाइएको भए त्यस्को प्रमाणिक अध्ययन अनुसन्धान हुनु पर्ने, मुल सडक मार्गमा सि.सि.टि.भि जडान गरिएको हुनु पर्नेमा नगरिएकै रहेछ भन्ने मान्नु पर्दापनि भित्री टोलिया वाटोहरुमा पनि सि.सि.टि.भि जडान गरिएको हुन सक्ने अवस्थालाई समेत त्यसै गरी प्रमाणिक अध्ययन र अनुसन्धानको विषय वनाइएको हुनुपर्नेमा यदी मुल सडक मार्ग र भित्री टोलिया वाटाहरुमा सरकारी सि.सि.टि.भि. जडान नगरिएकै रहेछ भनेर मानिदिंदा पनि गगनचुम्वी अन्नपूर्ण भवनभित्र वाहिर आवत जावत हुने मानवीय कृयाकलप निगरानि गरिने सि.सि.टि.भि फुटेजहरुमात्र हेरिंदाको अवस्थामा पनि सो दिन र समयमा सो भवनमा स्टिंग अपरेसन अन्तरगत चले चलाइएका मुद्दाहरुका विषयमा जो जो मानिसहरुले वैठक गरेका थिए भन्ने विषयलाई भ्रामक मानि अदालतको अवहेलना भएको ठहर भएको छ त्यस्को वास्तविक र पुरक प्रमाणिक मुल्यांकन भएको हुने थियो तर त्यसो हुन नसकी सत्य तथ्य पत्ता लगाउन संयुक्त इजलासवाट भएको आदेश अनुरुप सत्य तथ्य र प्रविधिक पक्षको विस्तृत अनुसन्धान वेगर नै नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्युरो वाट पेश भएको प्रतिवेदनका आधारमा अवहेलना ठहर भएको छ । यो मुद्दाले विवादमा देखाइएको कैलाश कुमार सिरोहिया र सुरेन्द्र काफ्लेको स्वर परिक्षण हुंदा मिलेको भन्ने प्रतिवेदन आएको हुन्थ्यो भने र अन्नपूर्ण पोष्ट परिसर दायांवाया रहेको (हुनुपर्ने) सि.सि.टि.भि. फुटेजहरुको अनुसन्धान मुल्यांकन हुन सकेको हुन्थ्यो र त्यस्तो फुटेजमा विवादमा ल्याइएका वकिल, न्यायाधीश र पत्रकारहरुको आवत जावत भएको र वैठक वसेको कुराहरु प्रमाणिक रुपमा स्थापित हुन्थ्यो भने अवहेलना मुद्दाको अवस्थामा सारभूत परिवर्तन आउन सक्थ्यो भन्ने कुरा कानूनका ज्ञान भएकाहरुले मात्र होइन की कानूनको ज्ञानै नभएका सर्वसाधारण नागरिकहरु जो कोहिले पनि अनुमान गर्न र जान्न सक्ने कुरा हो, तर यि सवै अहं प्रमाणिक कुराहरुको जानकारीका लागि आवश्यक आदेश, अध्ययन अनुसन्धान र विवेचना वेगर नै आफै पक्ष रहने र आफ्नै मुद्दामा आफै न्यायाधीश भएर अदालतको मान सम्वर्धन र रक्षा गर्नु पर्ने जस्तो गम्भिर प्रकृतिको मुद्दामा आफ्नै आदेश अनुसारको प्रमाणिक अनुसन्धान भइ नसक्दै न्यायाधीशहरुको आचरणगत कमि कमजोरी, कानूनी व्यवस्था, प्रकृया, सिद्धान्त र न्यायिक निष्ठा विपरितका कामकुराहरु सन्निहित भएका विषयहरु संलग्न हुने गरी उठे उठाइएका अदालतको अवहेलना सम्वन्धीमुद्दाहरुमा न्यायाधीशहरुको सुरक्षा कवचको रुपमा अवहेलना सम्वन्धी मुद्दालाई लिईनु हुन्न, पाइंदैन भन्ने विषय टड्कारो रुपमा उठेको अवस्था विधमान हुंदा यो विषय महाअभियोगको विषय वनेको छ ।

Scanned with CamScanner

अदालतको अवहेलना मुद्दामा अवहेलना भएको भन्ने अन्तिम आदेश नै भइसकेकोले त्यसको कार्यान्वयनको विषय विवादित नरहेपनि ठहर हुनु पूर्व गरे भएका प्रमाणिक अनुसन्धानको विषय र विधी भने कानूनी अध्ययन र अनुसन्धानको लागि एउटा वौद्धिक छलफलको विषय वनेको छ। कैलाश प्रसाद सिरोहिया र सुरेन्द्र काफ्लेको स्वर र पेन ड्राइभ लगायतका क्लिपहरु Edit भए नभएको परिक्षण गर्न Forensic tool उपलब्ध नभएको भन्ने प्रतिवेदन भएपछी आफ्नै आदेशानुसारको स्वर परिक्षण र पेन ड्राइभ क्लिपहरुको परिक्षणका लागि विदेशी मुलुकहरुमा किन पठाइएन ? र पठाइएको भए कैलाश प्रसाद सिरोहिया समेतको स्वर र पेन ड्राइभका क्लिप्सहरुको मौलिकता प्रमाणित गर्ने प्रतिवेदन आउंथ्यो भने अवहेलना ठहर भएको मुद्दाको अवस्था के हुन्थ्यो ? भन्ने जस्ता विवाद सृजना हुने गरी आफ्नै आदेश प्रतिकुल गरिएको प्रमाणिक मुल्यांकन न्यायको सिद्धान्त, आदर्श र निष्ठा विपरित भए तर्फ सम्वद्ध निकाय र माननीय सांदहरुको गम्भिर ध्यानाकर्षण हुनु अति नै आवश्यक छ । यस विषयमा माननीय सांसदहरुको ध्यानाकर्षण यस अर्थमा पनि आशयक छकी, यस प्रकृतिका मुद्दाहरुमा यसरी नै प्रमाणको मुल्याकन र अध्ययन नगरी आफ्नै आदेश विपरित फैसला आदेशहरु हुंदै जाने हो भने यस्तो कार्यले न्यायिक अराजकताको निरन्तरता हुन्छ र जनमानसमा अदालत प्रतिको आस्था नरहने परिस्थितिको सृजना हुन पुग्छ। यो मुद्दाको अर्को अनौठो पक्ष के पनि हो भने अवहेलनामा कारवाही गरिपाउं भनि प्रतिवेदन उठाउने सर्वोच्च अदालतकै उप रजिष्ट्रार गोविन्द प्रसाद घिमिरे ले " उक्त प्रसारित भ्रामक एवं झुट्ठा सामाग्री युटुव लगायतका सामाजिक संजालवाट तत्काल हटाउनु भनी आदेश जारी गरी पाऊँ भन्ने माग गरे अनुसार सम्मानित सर्वोच्च अदालतको सुरु आदेशवाटै अवहेलना मुद्दा संग सम्वन्धीत सवै सामाग्रीहरु २४ घण्टा भित्रै हटाउन भनिएको छ । यो आदेश सर्वथा संविधानको धारा १९ को व्यवस्था विपरित छ । अवहेलना भयो भनेर प्रतिवेदन उठाउने प्रतिवेदकले संचार माध्यमले जे, जसरी र जहां स्टिंग अपरेसनका मुद्दाहरुका विषयमा वैठक भए गरिएको थियो भनेर समाचार संप्रेषित गरे, त्यो कुरो सत्य हो वा असत्य हो कसरी थाहा पाउन सके र त्यस्ता समाचार सामाग्रीहरु झुट्ठो र भ्रामक हुन भनेर कसरी भन्न सके? आफ्नो दावी प्रमाणित गर्ने प्रमाण नै नष्ट गराउन किन के कारणले माग गरे र त्यस्तो संकास्पद माग दावी अनुसार नै हुने गरी के कुन आधारमा र वलमा संविधानको धारा १९ को ठाडो उल्लंघन गरी संयुक्त इजलासवाट आदेश जारी गरियो भन्ने कुराले न्यायिक सक्रियताको नाममा न्यायिक अराजकतालाई प्रश्रय दिइएको हुंदा आदेश जारी गर्ने सर्वोच्च अदालत संयुक्त इजलासका मा. न्यायमुर्तिहरु डा. नहकुल सुवेदी र टेक प्रसाद ढुंगाना र अदालतको अवहेलना ठहर गरी आदेश जारी गर्ने वृहत इजलासका तत्कालिन प्रधान न्यायाधीश श्री विश्वम्भर प्रसाद श्रेष्ठ (हाल अवकाश प्रास), तत्कालिन मा. वरिष्ठ न्यायाधीश श्री प्रकाशमान सिंह राउत (वर्तमान सं. प्रधान न्यायाधीश) मा.न्या. सपना प्रधान मल्ल, मा.न्या. श्री प्रकाश कुमार ढुंगाना (हाल अवकाश प्रास) मा.न्या. श्री हरिप्रसाद फुयाल, मा.न्या. श्री विनोद शर्मा, मा.न्या. श्री महेश शर्मा पौडेल र मा.न्या. श्री वालकृष्ण ढकालवाट न्यायाधीश आचार संहिता, २०६५ को दफा ३ मा व्यवस्थित कानूनको शासन र स्वच्छ सनुवाई सम्वन्धी सिद्धान्त अन्तरगत उपदफा ३.१ मा व्यवस्थित मुद्दामा प्रस्तुत तथ्यको निरोपण र कानूनको सही प्रयोग गर्नुपर्ने सम्वन्धी, ऐ.को दफा ४मा व्यवस्थित निष्पक्षताको सिद्धान्त अन्तरगत उपदफा ४.१ र ४.२ मा व्यवस्थित पूर्वाग्रह रहित र निष्पक्षता सम्वन्धी, ऐ.को दफा ५ मा व्यवस्थित न्यायिक निष्ठाको सिद्धान्त अन्तरगत उपदफा ५.[illegible] ५.२ मा व्यवस्थित न्यायपालिका प्रति

Scanned with CamScanner

जनआस्था अभिवृद्धी हुने न्यायाधीशको आचरण, ऐ.को दफा ७ मा व्यवस्थित न्यायिक कार्य सम्पादनमा समान व्यवहारको सुनिश्चितता सम्वन्धी सिद्धान्त अन्तरगत उपदफा ७.२, ७.३ र ७.४ मा व्यवस्थित न्यायिक कार्यमा पूर्वाग्रह र भेदभावपूर्ण व्यवहार गर्न नहुने सिद्धान्त र ऐ.को दफा ८ मा व्यवस्थित न्यायिक कार्य सम्पादनका लागि आवश्यक सक्षमता, लगनशीलता र कार्य कौशलताको सिद्धान्त अन्तरगत ऐ.को उपदफा ८.४ र ८.६ मा व्यवस्थित अन्तर्राष्ट्रिय मानव अधिकार, सन्धि संझौता, दस्तावेज र अन्तर्राष्ट्रिय कानुनका वारे सुसूचित हुनु पर्ने र न्यायिक प्रकृयाको व्यवस्था र मर्यादा कायम गरिनु पर्ने सम्वन्धी सिद्धान्त र आचरणहरुको अनुपालन र प्रयोग नभए नगरिएको कार्य र न्यायिक आचारसंहिता सम्वन्धी वैंगलोर सिद्धान्त (THE BANGALORE PRINCIPLES OF JUDICIAL CONDUCT) ले निर्दिष्ट स्वतन्त्रता, निष्पक्षता, निष्ठा, औचित्यता, समानता र सक्षमता सम्वन्धी न्यायिक आचार संहिता र सिद्धान्तहरु अनुपालन नगरी उलंघन गरेको समेत आधारमा संविधानको धारा १०१ अनुसार महा अभियोग लगाउनु पर्ने अवस्थाको विद्यमानता रहेकोले प्रमाणिक विवरणको साथ यो जानकारी गराएको छु।

(ङ) बुंदा नं २(ङ) को विवरण:

सं. प्रधान न्यायाधीश प्रकाशमान सिंहले आफ्नो पदभार ग्रहण गर्नु पूर्व नै तत्कालिन प्रधान न्यायाधीशहरु श्री हरि कृष्ण कार्की र श्री विश्वम्भर प्रसाद श्रेष्ठलाई प्रधान न्यायाधीश पदका लागि भएका सिफारिस र नियुक्तिहरु संवैधानिक परिषद (काम, कर्तव्य, अधिकार र कार्यविधि) ऐन, २०६६ लाई पिहलो संशोधन गर्ने अध्यादेश, २०७८ द्वारा संशोधन गरी दफा ६ को उपदफा (६)(७) झिकिएपछीको कानूनी रिक्तता कायमै रहेको अवस्थामा गरिएको हुंदा अवैधानिक हो भनि दर्ता गर्न लगिएका रिट निवेदनहरु रजिष्ट्रारले दरपीठ गर्ने र दरपीठ विरुद्ध निवेदन लिई जांदा समेत कानून वमोजिम गर्नु भन्ने आदेश भई देशको प्रधान न्यायाधीशको नियुक्ती अवैधानिक भए सम्वन्धमा लगिएको रिट निवेदन दर्ता नै हुन नदिने र सर्वोच्च अदालतको ढोकै वन्द गरिएको अवस्थाको विद्यमानतामा हालका सं. प्रधान न्यायाधीशको नियुक्तिका लागि भएको सिफारिस र नियुक्ति समेत सोही कानुनी रिक्तताको कारण अवैधानिक रहे सम्वन्धमा पूर्ववत ढंगले सत्य र न्यायको खोजी अभियानका तर्फवाट लगिएको रिट निवेदनमा पूर्ववत ढंगले नै रजिष्ट्रारवाट दरपीठ गरिएको र त्यस विरुद्ध निवेदन लिई जादा समेत सोही विषयगत विवादमा गलत तरिकाले स्थापित भै सकेको अभ्यास नै हावि हुन सक्ने र समय मात्र वर्वाद हुने हुंदा दरपीठ आदेश विरुद्धको निवेदन नगरिए पनि महत्वपूर्ण संवैधानिक र कानुनी प्रश्न सन्निहित रहेको आफ्नै नियुक्ति विरुद्धको रिट निवेदन दर्ता सम्म नभए नगरिएको विषयलाई वेवास्ता गरी संविधानको धारा १३६ अनुसारको जिम्मेवारी समेत सं. प्रधान न्यायाधीशवाट वहन हुन नसकेको कार्य न्यायाधीश आचार संहिता २०६५ को दफा ३ ले गरेको न्यायिक स्वतन्त्रताको पूर्व शर्त उप दफा ३.६ ले निर्दिष्ट न्यायिक स्वतन्त्रताको लागि अपरिहार्य जनआस्था र विश्वासको अभिवृद्धि गर्ने न्यायिक आचरण, ऐ. को दफा ४ मा व्यवस्थित निष्पक्षताको सिद्धान्त, उपदफा ४.१ र ४.२ मा निर्दिष्ट निष्पक्षता सम्वन्धी आचार संहिता, ऐ.को दफा ५ मा निर्दिष्ट न्यायिक कार्यको सम्पादन र न्याय प्रतिको निष्ठा र पालना, उप दफा ५.२ मा निर्दिष्ठ न्यायपालिका प्रति जन आस्था र विश्वास वढाउने आचरण र व्यवहार समेतको अभाव मात्र नभएर उलंघन नै भैरहेको अवस्थामा संविधानको धारा १३६ अनुसार अदालत प्रशासनको अन्तिम

Scanned with CamScanner

जिम्मेदारीको निर्वाह सम्माननीय प्रधान न्यायाधीशवाट हुन नसकेको विषय समेत महाअभियोगको कारवाहीको लागि प्रमाणिक आधार भएतर्फ ध्यानाकर्षण गराएको छु।

(च) वुंदा नं २(च) को विवरण -

संम्माननीय प्राधान न्यायाधीश, न्यायाधीश पदमा नियुक्त हुनु पूर्व कानून व्यवसायीको हैशियतमा रहंदाको अवस्थामा नेपाल रेडक्रस सोसाइटी केन्द्रिय कार्यालयले आफ्नो विधान संसोधन मसौदा समेतको जिम्मेवारी दिए अनुरुपको कानूनी सेवा वापत प्रतिक ल फोरमको नामवाट रसिद वनाइ दावी गरीएको रकम भुक्तानि दिएकोमा सोही नेपाल रेड क्रस सोसाइटी केन्द्रीय कार्य समितिका अध्यक्ष संजीव थापाले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रि परिषदको कार्यालय समेतलाई विपक्ष वनाई दायर भएको उत्प्रेषण समेतको रिट निवेदनमा सर्वोच्च अदालतका तत्कालिन मा.न्या. श्री प्रकाशमान सिंह राउत ( वर्तमान सं. प्रधान न्यायाधीश) को एकल इजलाशवाट नेपाल रेडक्रस सोसाइटी केन्द्रिय कार्यालयको पक्षमा नेपाल सरकारका विरुद्ध मिति २०७६/०२/२१/०३ मा अन्तरिम आदेश जारी भएको रहेछ। रिट निवेदनमा अन्तिरम आदेश जारी भएको विषयवस्तु के हो वा होइन भन्ने भन्दा पनि कानूनी पेशामा रहंदा पेशागत सेवा प्रदान गर्ने कानून व्यवसायीले पछि न्यायाधीश हुंदाका वखत सोही पक्षको मुद्दा हेरिनु न्यायिक मर्यादा र आचरणले मिल्ने हो होइन भन्ने हो । न्यायाधीशको आचार संहिता २०६५ को दफा ४ ले गरेको निष्पक्षता सम्वन्धी सिद्धान्त र उपदफा ४.५ (क)(ख) र (ग) मा व्यवस्था भए वमोजिमको अवस्थामा कानून व्यवासायीको हैशियतमा पेशागत काम व्यवहार र आर्थिक सम्वन्ध रहेको पक्षको मुद्दा सोही कानून व्यवसायी पछि न्यायाधीशको हैशियतमा रहेर सोही पक्षको मुद्दा हेरिंदा उल्लिखित न्यायाधीश आचार संहिता विपरीतको कार्य हुने हुंदा सं. प्रधान न्यायाधीशका विरुद्ध महाअभियोगको कारवाही गर्न सकिने र पर्ने यो थप आधार प्रमाण भएको जानकारी गराएको छु।

४. मुल वुंदा नं. २ र ३ मा वर्णित महा अभियोगका आधारहरु, जस्लाई नेपालको संविधान , महा अभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९ र न्यायाधीश आचार संहिता २०६५ ले व्यवस्थित र निर्देशित गरेको छ , सो वाहेक नेपालको तर्फवाट सर्वोच्च अदालतका तत्कालिन न्यायाधीश केशव प्रसाद उपाध्याय सम्मिलित अन्तर्राष्ट्रिय न्यायाधीशहरुको फेव्रुअरी २००१ को वैंगलोर सम्मेलन वाट सुरु भएको अन्तर्राष्ट्रिय न्यायिक आचार संहिता सम्वन्धी वैंगलोर सिद्धान्त (THE BANGALORE PRINCIPLES OF JUDICIAL CONDUCT) को मस्यौदा सन २००२ मा प्रधान न्यायाधीशहरुको हेगमा भएको अन्तर्राष्टिय गोलमेच सम्मेलनले अनुमोदन गरेर संयुक्त राष्ट्र संघको आर्थिक र सामाजिक परिषदको २३ सौं संकल्पको रुपमा पारित गरेपछी यसका सदस्य राष्ट्रहरुका न्यायालयहरुका लागि वाध्यकारी रुपमा लागु गरिएको अन्तर्राष्ट्रिय न्यायिक आचार संहिता सम्वन्धी वैंगलोर सिद्धान्त (THE BANGALORE PRINCIPLES OF JUDICIAL CONDUCT) नेपालको न्यायालयको लागि पनि नैतिक रुपमा वाध्यकारी सिद्धान्त हो। यसर्थमा माथि मुल वुंदा २ र ३ मा वर्णन गरिए अनुसारको पृथक अवस्थाहरु मध्ये डार्क फाइलका राज कुमार तिमिल्सिना,सिधा कुरा डट कम का प्रकाशक युवराज कंडेल र कार्यकारी सम्पादक नवीन ढुंगाना विरूद्धको अवहेलना मुद्दामा अदालतको आदेशानुसारको प्रमाण परिक्षण पुरा भएपछिमात्र ठहर आदेश हुनु पर्नेमा त्यसो नगरी राज्यकोचोथो अंगको रुपमा रहेको संचार कर्मिहरुले अवहेलना गरेको ठहर गरिएकोमा, अदाललतको आदेशले मुद्दाको टुंगो लागि सकेर न्याय अन्याय जे हुने हो भै सकेको अवस्थामा मुद्दाका प्रत्यर्थीहरुले जे

जसरी अदालतको आदेशलाई ग्रहण गरेको भएपनि त्यस्तो अन्तिम आदेश हुनु गरिनु पूर्व अदालतले आफ्नै आदेशानुसार हुनु गरिनु पर्ने प्रमाणिक अनुसन्धान र मुल्यांकन भै नसकेकै अवस्थाले न्यायको सिद्धान्त र निष्ठा प्रतिकुल सम्माननीय र माननिय न्यायमूर्तिहरुवाट न्यायिक कारवाही भएको प्रमाणिक रुपमा पुष्टी भएको छ । यो अवस्थाले संविधानको धारा १०१ को उपधारा (१)(२) र (५) मा व्यवस्था भए अनुसार संविधान र कानून, पदीय कर्तव्यको पालना नगरिएको हुनुका साथै आचार संहिताको समेत गम्भीर उल्लंघन भएकोले महाअभियोगको प्रस्ताव अघी वढाइनु पर्ने स्पष्ट देखिन्छ। यस्तो अवस्थामा पनि महाअभियोगको कारवाही नगरिने हो भने संविधानमा भएको महाअभियोग सम्बन्धी व्यवस्था हात्तिको देखिने दांत जस्तो हुन्छ र प्रतिनिधि सभाका सदस्यहरु राज्यकोषवाट तलव सुविधा मात्र लिने कर्तव्य हिन मानव झुण्डका रुपमा देखिने छन् ।

संविधानको जिवन्तताको लागि र प्रतिनिधि सभाका संघीय संसदका सदस्यहरु संविधान कानून प्रदत्त हकाधिकारको प्रयोग गर्ने जनता प्रतिको जिम्मेदारी प्रति इमान्दार छन् र हुन भने सो संवैधानिक र कानूनी जिम्मेदारीको अनुपालन हुन र गर्नका लागि माग गरिएको महाअभियोग कारवाही अघी वढाई जनता प्रति गरिएको वाचा, संविधान र कानून प्रतिको जिम्मेदारी पुरा गर्ने सम्वन्धमा सवै प्रतिनिधि सभाका सदस्यहरुलाई आवश्यक निर्देशन गरि न्यायपालिकाको दैविय पद र हैशियतमा राखिइएका न्यायामूर्तिहरुवाट कानूनले गरेको व्यवस्था र न्यायिक आचरण को उल्लंघन भएको उल्लिखित अवस्था आगामि दिनहरुमा पुनरावृत्ती हुन नदिनका लागि महा अभियोगको प्रस्ताव पेश गर्न लगाइ कारवाही समेत गरि पाउँ।

५. संलग्न कागज प्रमाणहरुः

(क) निवेदकको परिचय पत्रको प्रतिलिपी

(ख) सर्वोच्च अदालतको मिति २०८१/०१/१७ को आदेशको प्रतिलिपी

(ग) सर्वोच्च अदालत, वृहत इजलाशको मिति २०८१/०६/१३ को संक्षिप्त आदेशको प्रतिलिपी

(घ) विद्युतीय संचार माध्यममा प्राप्त न्यायाधीश आचार संहिता, २०६५

(ग) विद्युतीय संचार माध्यममा प्राप्त अन्तर्राष्ट्रिय न्यायिक आचार संहिता - THe BANGALORE PRINCIPLES OF JUDICIAL CONDUCT

(घ) नेपाल रेडक्रस सोसाइटीका तर्फवाट दायर रिट निवेदन, त्यस उपरको अन्तरिम आदेश र सं प्रधान न्यायाधीश कानून व्यवसायी हुंदाका वखत कानूनी सेवावापतको पारिश्रमिक भुक्तानिको रसिद

(ङ) विद्युतीय संचार माध्यममा प्राप्त प्रधान न्यायाधीशवाटै न्यायालयको शिर झुकाउने काम शिर्षकमा दृष्टि संवाददातावाटः प्रकाशित समाचार

(च) प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्युरोले पेशगरेको पिरतिवेदनको सर्वोच्च अदालतवाट प्राप्त प्रमाणित प्रतिलिपिको पृष्ठ १२, १४, १५ र १९ को प्रतिलिपी

६. निवेदनमा लेखिएका विवरणहरु ठिक छन्, नभए कानून वमोजिम सहने छु ।

Scanned with CamScanner

निवेदक

वरिष्ठ अधिवक्ता: ध्रुव लाल श्रेष्ठ

अध्यक्ष - सत्य र न्यायको खोजी अभियान

का.जि.का.म.न.पा.-१०,
नयां वानेश्वर, काठमाण्डौ

सम्पर्कः ९८४९४५११५५

मिति २०८२।०३।२२

Scanned with CamScanner